आज मिति २०८२ साल श्रावण ०८ गते बिहिबारका दिन यस देवानगञ्ज गाउँपालिकाका अध्यक्ष श्री बेचन प्रसाद मेहताज्यूको अध्यक्षतामा बसेको आ.व. २०८२/०८३ को पहिलो कार्यपालिका बैठक देहाय बमोजिमको उपस्थितिमा तपसिल बमोजिम निर्णय गरियो ।

**उपस्थिति :**

श्री बेचन प्रसाद मेहता - अध्यक्ष -

श्री कुमारी विभा यादव - उपाध्यक्ष -

श्री सुर्य नारायण पाल - वडा अध्यक्ष, वडा नं.१ -

श्री जग नारायण मेहता - वडा अध्यक्ष, वडा नं.२ -

श्री अनिल कुमार भगत - वडा अध्यक्ष, वडा नं.३ -

श्री सुशिल कुमार मेहता - वडा अध्यक्ष, वडा नं.४ -

श्री मनोज कुमार मण्डल - वडा अध्यक्ष, वडा नं.५ -

श्री हरि नन्दन मेहता - वडा अध्यक्ष, वडा नं.६ -

श्री सुर्य नारायण यादव - वडा अध्यक्ष, वडा नं.७ -

श्री रुणा देवी दास - कार्यपालिका सदस्य-

श्री उषा देवी यादव - कार्यपालिका सदस्य-

श्री सुनिता देवी यादव - कार्यपालिका सदस्य-

श्री सम्तुलिया देवी बाँतर - कार्यपालिका सदस्य-

श्री मनोज कुमार भगत - कार्यपालिका सदस्य-

श्री किशोर कुमार पाल - कार्यपालिका सदस्य-

श्री डण्डिकेशर खनाल - सचिव -

**आमन्त्रित :**

श्री बिन्देश्वर यादव - लेखा अधिकृत -

श्री वाल कुमार श्रेष्ठ - कम्प्युटर अधिकृत -

**प्रस्तावहरु :**

१. समिक्षा सम्बन्धमा ।
२. आ.व. २०८१/०८२ को खर्चको प्रगति सम्बन्धमा ।
३. कार्यविधि स्वीकृत सम्बन्धमा ।
४. हलुका सवारी चालक सम्बन्धमा ।
५. लगत तयार गर्ने सम्बन्धमा ।

**निर्णयहरु :**

१. प्रस्ताव नं. १ माथि छलफल गर्दा आ.व.२०८१/०८२ को कार्यपालिका बैठकको निर्णयहरु सम्बन्धमा समिक्षा गर्दा संतोषजनक रुपमा कार्यान्वयन भएको व्यहोरा सर्वसम्मत निर्णय गरियो ।

२. प्रस्ताव नं. २ माथि छलफल गर्दा आ.व. २०८१/०८२ मा स्वीकृत बजेट मध्ये चालु र पुँजिगत खर्च तपसिल बमोजिमको रहेको र सोको सूचना प्रकाशन गर्ने सर्वसम्मत निर्णय गरियो ।

तपसिल

| सि.नं. | बजेट | कुल विनियोजन रु. | जम्मा खर्च रु. | खर्च प्रतिशत |
|---|---|---|---|---|
| १ | चालुगत खर्च | ३५,२४,४३,७१०.२१ | २८,६२,५६,६२९.६६ | ८१.२२ |
| २ | पुँजिगत खर्च | २०,१०,७९,५००.०० | १५,३९,४७,४२५.६० | ७५.५६ |
| | जम्मा | ५५,३५,२३,२१०.२१ | ४४,०४,७४,०५५.२६ | ७९.५२ |

३. प्रस्ताव नं. ३ माथि छलफल गर्दा यस देवानगञ्ज गाउँपालिकाको लागि आवश्यक तपसिल बमोजिमको कार्यविधि स्वीकृत गर्ने सर्वसम्मत निर्णय गरियो ।
तपसिल :
१) बाल विकास सहजकर्ता व्यवस्थापन कार्यविधि, २०८२

४. प्रस्ताव नं. ४ माथि छलफल गर्दा यस देवानगञ्ज गाउँपालिकामा कार्यरत हलुका सवारी चालक श्री राम नारायण मेहतालाई यस देवानगञ्ज अन्तर्गत रहेको अमरसिंह मा.वि., देवानगञ्ज-५ मा सञ्चालनमा रहेको स्कुल बस चालकको रुपमा खटाउने सर्वसम्मत निर्णय गरियो । साथै गाउँपालिकामा आवश्यक हलुका सवारी चालक सेवा करारमा पदपुर्तिको लागि विज्ञापन गर्ने सर्वसम्मत निर्णय गरियो ।

५. प्रस्ताव नं. ५ माथि छलफल गर्दा जिल्ला निर्वाचन कार्यालय, सुनसरीको च.नं.७ मिति २०८२/०४/०८ गतेको पत्रबाट स्थानीय तहको मृत्युको लगत तयार र अध्यावधिक गर्नको लागि सम्बन्धित वडालाई जिम्मा दिई तोकिएको समय भित्र लगत देवानगञ्ज गाउँपालिकाको पञ्जिकरण शाखामा पेश गर्ने सर्वसम्मत निर्णय गरियो ।